(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद

SAHID WEEKLY साप्ताहिक

वर्ष १५, अंक २, पृष्ठ-८ ने.सं. ११३८ चौला गा:, द्वादशी, वि. सं. २०७४ चैत्र ३० गते शुक्रबार APR 2018 मूल्य रू. ५।-

## कीर्तिपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना !

कीर्तिपुर नगरपालिका क्षेत्रमा Metric प्रणाली अनुसार बाटोको नामाकरण गरी घर नम्बर समेत दिने प्रक्रिया सुरु भइरहेको हुनाले आ-आफ्नो ठाउँ, चोक र बाटोको ऐतिहासिक नामको जानकारी नगरपालिकाको कार्यालय वा वडा कार्यालयमा जानकारी गर्नुहुन अनुरोध छ । साथै नगरपालिकाको अनुमतिबिना नयाँ वस्तीहरुको नामाकरण तत्काल नगर्न समेत अनुरोध गरिन्छ ।

## बाऱ्हबुँदे सहमति मोदीको ललिपप

काठमाडौं । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले प्रधानमन्त्री केपी ओली र भारतीय प्रम मोदी बीचको १२ बुँदाको सहमति नेपाललाई फकाउन मोदीको 'ललिपप' भएको टिप्पणी गर्नुभएको छ ।

आइतबार साँझ माउण्टेन टीभीको खरो प्रश्न कार्यक्रममा प्रस्तोता प्रकाश गिरीसँगको कुराकानीमा बोल्दै अध्यक्ष रोहितले भारत गएर ओलीले दाम चढाएर आएको धारणा राख्नुभयो ।

अध्यक्ष रोहितको भारतले नेपाललाई आफ्नो संस्मरणमा भएको र हरेक नेपाली प्रम पहिलो पटक आफूकहाँ हाजिर हुन आउनुपर्छ भन्ने सोच राखेको उल्लेख गर्दै ओली भारत नगए सत्तासमेत पल्टिने डर भएको स्पष्ट पार्नुभयो । उहाँले नेपालमा चीनले बुलेट ट्रेन बनाउने भएपछि आफूपछि पर्ने डरमा भारतले हतारमा केटाकेटीलाई खेलौना दिएझैं रेल बनाउने घोषणा गरेको उल्लेख गर्दै भन्नुभयो, 'भारतमै फाल्नुपर्ने रेल लिएर के काम ?'

उहाँले थप्नुभयो, रेलको कुरा नयाँ होइन, जनकपुर-जयनगर र रक्सौल-अमलेखगन्ज रेल राणाकालमै बनेको थियो ।

जलमागए पञ्चायती व्यवस्थाकै कालमै उठेको विषय भएको भन्दै अध्यक्ष रोहितले तेल र ग्यासको पाइप आउने भनेर खुशी हुनु आवश्यक नभएको धारणा राख्नुभयो। उहाँले थप्नुभयो, 'भारतलाई चिन्नुपर्छ ।'

पञ्चायत कालेदखिका प्रमहरुले भारत भ्रमणपछि प्रफुल्लित भएर आउने गरेको उल्लेख गर्दै सत्ताधारी पार्टीका केन्द्रीय सदस्यहरु को को भारतबाट पालितपोषित छन् भन्ने निर्क्योल



अध्यक्ष रोहितले जनता नभएसम्म नेपालीको उलागि खुशी नआउने विचार राख्नुभयो ।

क्रमशः पृष्ठ ७ मा

## निजीकरणका कारण नेपालको अर्थतन्त्र ध्वस्त

काठमाडौं। गत फागुन २१ गते सुरु भएको प्रतिनिधिसभाको पहिलो अधिवेशन गत मंगलबार अन्त्य भयो । फागुन २१ गतेदेखि चैत्र २० गतेसम्म १९ दिनमा ११ पटक बैठक बस्यो ।

मंगलबारको बैठकको विशेष समयमा सांसदहरुले अर्थमन्त्री युवराज खतिवडाद्वारा चैत्र १६ गतेको बैठकमा प्रस्तुत आर्थिक स्थितिसम्बन्धी श्वेतपत्रबारे विचार राख्नुभयो ।


नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले बजेटको अनुशासन उल्लङ्घन भएको, राजस्वले चालू खर्च धान्न नसकिने रोजगारी कुण्ठित हुँदै गएको, औसत आर्थिक बृद्धि ४ प्रतिशतभन्दा कम हुनेलगायत श्वेतपत्रको विचारले आजसम्मका सरकारहरुले देशको अर्थतन्त्र ध्वस्त अवस्थामा पुऱ्याएको र यसको समाधान पूँजीवादी व्यवस्थाबाट सम्भव नभएको उल्लेख गर्नु भयो ।

दुईचार महिना र वर्ष यताकै आज देशको अर्थतन्त्र खतरा स्थितिमा नपुगे, तीस वर्ष अघिसम्म चामललगायत खाद्यान्न निर्यात गर्ने देश तीस वर्षयता विस्तारै खाद्यान्न आयात हुन थालिएको चर्चा गर्दै सांसद सुवालले सरकारमा गएका नेताहरुले कमिसन खाएर तीसभन्दा बढी सार्वजनिक संस्थानहरु कौडीको मूल्यमा निजीकरण गरेको हुँदा आन्तरिक उत्पादन घटेको र आयात बढेको स्पष्ट गर्नुभयो ।

भूकम्प पीडितहरुको पुन:स्थापना नहुँदा पाल र जस्तामुनि रात बिताउन बाध्य भएको उल्लेख गर्दै सांसद सुवालले भूकम्प पीडितलाई रु.१० लाख अनुदान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सांसद सुवालले प्रमको भारत भ्रमणमा नेपाल-भारत खुला सीमा नियमित गर्ने नेपालको सुक्ष्म व्यवस्थापनसम्म भारतीय दूतावासको हस्तक्षेप अन्त्य गर्नुपर्नेलगायत विषय उठाउनु आवश्यक छ भन्नुभयो । विशेष समयमा सांसदहरुले बोल्ने कार्यक्रम सकिएपछि बैठकमा प्रधानमन्त्री ओलीले चैत्र २३ देखि २५ गतेसम्मको भारत भ्रमण र श्वेतपत्रबारे उठेका विषयबारे स्पष्ट पार्नुभयो । सांसद प्रेम सुवालले राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७४ अस्वीकार गर्नुपर्ने प्रस्ताव पेश गर्दै नीजि मेडिकल कलेज खारेज गर्नुपर्ने, शिक्षा नि:शुल्क हुनुपर्ने, काठमाडौं उपत्यकामा दस वर्षसम्म मेडिकल कलेज खोल्न नपाउने प्रावधान हटाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

## नेक्राविसंघको राष्ट्रिय सम्मेलन बैशाख २८-३० गते



भक्तपुर । नेपाल क्रान्तिकारी विद्यार्थी संघको बाह्रौं राष्ट्रिय सम्मेलन आगामी बैशाख २८-३० गते काठमाडौंमा हुने भएको छ । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधि सभा सदस्य प्रेम सुवालको उपस्थितिमा बुधबार बिहान बसेको नेक्राविसंघ बाह्रौं राष्ट्रिय सम्मेलन तयारी समितिको बैठकले सो निर्णय गरेको हो ।

बैठकले गरेको निर्णयअनुसार बैशाख २८ गते दिनको १२:०० बजे त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरमा बाह्रौं राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रम हुनेछ ।

सम्मेलनको उद्घाटनको लागि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें( रोहित)लाई अनुरोध गर्ने समेत बैठकले निर्णय गरेको छ ।

बैशाख २९ र ३० गते सम्मेलनको बन्द बैठक गरिने छ ।

बैठक तयारी समितिका संयोजक नीरज लवजूको अध्यक्षतामा बसेको थियो ।

## सुरू भयो विस्केट जात्रा



भक्तपुर । सांस्कृतिक एवं ऐतिहासिक महत्वको बिस्का (बिस्केट) जात्रा चैत्र २७ गते मंगलबारबाट सुरु भएको छ ।

नौ दिन आठ रातसम्म मनाइने बिस्केट जात्रा मंगलबार साँझ टौमढीस्थित पाँचतले मन्दिर अगाडिबाट भैरवनाथको रथ तानातान गर्दै सुरवात गरियो ।

काठैकाठले प्यागोडा ( छाने) शैलीमा निर्मित तीनतले रथमा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतले मन्दिर प्राङ्गणबाट थने ( माथिल्लो) र क्वने (तल्लो) टोलमा तानेर लैजाने परम्परा छ । रथ तान्नुअघि भैरवनाथको रथमा खड्ग, तरबार र निशान राखिन्छ ।

बिस्केट जात्राको पहिलो दिन तौमढीस्थित पाँचतले मन्दिर प्राङ्गणबाट भैरवनाथ र भद्रकालीको रथ क्वने र थनेका बासिन्दाले रथको अगाडि र पछाडिबाट तानातान गरेर आ-आफ्नो टोलतर्फ लैजाने परपम्परा छ ।

जात्राको मुख्य आकर्षण रथ तानातान गर्ने क्रममा थनेतर्फ पहिला तानेर लान सके दत्तात्रयसम्म लैजाने र त्यहाँबाट तानेर पुन: टौमढी हुँदै क्वनेतर्फको टेखापुखुसम्म ल्याई त्यहाँबाट फर्काएर ग:हिटीमा रथ पुऱ्याएपछि पहिलो दिनको जात्रा पूरा हुन्छ ।


नयाँ वर्ष २०७५ को शुभकामना

वि.सं. २०७५ नयाँ वर्षको उलक्ष्यमा
सम्पूर्ण नगरवासीमा सु-स्वास्थ्य, दीर्घायु, सुख शान्ति र
उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना


राजेश महर्जन
वडा सदस्य (न.स.स.)
कीर्तिपुर नगरपालिका वडा नं. ८


हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०७५ सालको उपलक्ष्यमा शेयरसदस्य, बचतकर्ता,
कर्मचारी, शुभचिन्तक एवं सम्पूर्ण कीर्तिपुर नगरवासीमा
सु-स्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना।

शंखापुर बहुउद्देश्यीय सहकारी संस्था लि.
शहीदपथ, पाँगा, कीनपा-८, काठमाडौं

## ऐतिहासिक जनअन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद


लनबहादुर महर्जन
वि सं. २००६ माघ


हिराकाजी महर्जन
वि सं. २०१७ माघ


राजमान माली
वि सं. २०२५ मंसिर


राजेन्द्र महर्जन
वि.सं. २०३० चैत

**सहिद साप्ताहिक**
वर्ष १५, अंक २, २०७४ चैत्र ३० गते शुक्रबार
**शंखापुर प्रकाशन समूहको लागि**
सम्पादक/प्रकाशक: नारायण महर्जन
कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप
सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२
E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com
मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं

## सम्पादकीय...

## नयाँ वर्षको शुभकामना

*वि.सं. २०७५ साल नयाँ वर्षको अवसरमा सम्पूर्ण लेखक, संवाददाता, विज्ञापनकर्ता एवं शुभचिन्तकहरुमा न्यानो शुभकामना व्यक्त गर्दछौं ।*

*हरेक वर्ष विभिन्न साल परिवर्तन भए तर जनताको जनजीविकामा केही परिवर्तन नभएको अवस्थामा हामी नयाँ वर्ष आएको उपलक्ष्यमा शुभकामना तथा सुख शान्ति साटासाट गरिरहेका छौं । जसरी साल परिवर्तन भएझैं देशको शासन सत्ता पनि पटकपटक फेरिए ।*

*२०७४ साल अझ भन्ने हो भने चुनावमय वर्ष नै भयो र तीन तहको चुनावपनि शान्तिपुर्ण रुपले सम्पन्न भयो ।*

*देशमा कथित बाम गठबन्धनले झन्दै दुई तिहाई बहुमतको नतिजा ल्याएर संघीय संसदमा तीन तिहाईको समर्थनमा सरकार चलाइरहेको छ ।*

*राज्य संचालकहरु इमानदार, नैतिकवान र जनताप्रति साँच्चै कै जिम्मेवार छन् भने जनताको जनजीविका र जीवनस्तर उठाउन, जनताको चाहना अनुसार शिक्षा, स्वास्थ्य नि:शुल्क र रोजगारीको ग्यारेन्टी सहजरुपले दिन सकिन्थ्यो ।*

*नयाँ सरकार पुरानै व्यक्ति र पुरानै संस्कार बोकेका पूँजीवादी पार्टी भइसकेकोले ठूला ठूला आश्वासनमा विश्वास गरेपनि पूरा गर्ला जस्तो छैन ।*

*किनभने पूँजीवादी पार्टीको काम भनेको बहुसंख्यक कामदार जनताको हितमा भन्दा न्यून पूँजीपति वर्गको सेवामा नै लाग्ने गरेको इतिहासले देखाएको छ ।*

*सबै काग कालै हुन्छन् भनेझैं दाग लागेका शासकहरुले जनताको सेवा गर्ला भनेर सोच्नु गलत हुनेछ । खयर नयाँ वर्षमा हामीले नयाँ आशा गर्नु जाती नै हुनेछ ।*

*२०७५ सालपनि विगतझैं फासफुस हुने हो भने नयाँ वर्षमा नयाँ जोश र जाँगर ल्याई नयाँ परिवर्तनको दिसामा अघि बढ्न सकोस भनी सम्पूर्ण न्यायप्रेमी जनतालाई शुभकामना छ ।*

# मुख्यमन्त्रीबाटै प्रदेशसभाको खिल्ली

**- सुन्दर**

तीन तहको निर्वाचन सम्पन्न भएलगत्तै संविधानको कार्यान्वयन भएको झ्याली पिटिरहेका छन् । तीनै तहको निर्वाचनमा आफ्नो पक्षमा नतिजा आएपछि एमालेहरु स्थीर सरकार र समृद्धिको कोकोहोलो मचाइरहेका छन् । साँचिक्कै भूकम्पको भग्नावशेष र बाढीपीडितहरुको आर्तनादमाथि निर्लज्जतापूर्वक 'समृद्धि'को व्यानर झुण्ड्याएर कथित वाम सरकारले गाईजात्रा देखाइरहेको छ । संघीयता पक्षधरहरु प्रदेशसभाको निर्वाचन हुनुलाई नै संविधानको सफल कार्यान्वयन भएको दलिल दिइरहेका छन् । तर प्रदेशसभाको निर्वाचन भएको झण्डै आधा वर्ष हुन लाग्दा पनि प्रदेश सरकार र साँसदहरु कुहिरोको काग जस्तै दुविधामा रुमलिरहेका छन् । त्यसैले नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एवं प्रदेश नं. ३ का साँसद सुरेन्द्रराज गोसाईंले प्रदेशसभा बैठकमा सोधे, 'सात प्रदेशका सात मुख्यमन्त्री भनेका पञ्चायतका सात अञ्चलाधिश मात्र हुन् ?' यी मुख्यमन्त्रीहरु 'अञ्चलाधिशभन्दा माथि उठेर' काम गर्न कानुनहरु नभएको र अधिकार प्रत्यायोजन नभएको रोइलो गरिरहेका छन् । यसबीचमा प्रदेश नं. ५ का प्रमुखद्वारा प्रस्तुत नीति तथा कार्यक्रम नितान्त प्रदेश सरकारको कार्यक्रम हो वा केन्द्र सरकारको हो ? प्रष्ट छैन ।

प्रदेश नं. ५ का प्रमुख उमाकान्त झाले आइतबार संसदमा नीति तथा कार्यक्रम प्रस्तुत गरे । सोमबार नीति तथा कार्यक्रममाथि छलफल गरी प्रदेशसभाले पास गऱ्यो । छलफलमा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा मुख्यमन्त्री शंकर पोखरेलले छलफललाई औपचारिकता मात्र भएको संज्ञा दिए । नीति तथा कार्यक्रम प्रदेश प्रमुखले प्रस्तुत गरेको र प्रदेश प्रमुख फेरि सदनमा नआउने भएकोले सम्बोधनमा कुनै संशोधन नहुने प्रष्ट पारे । यद्यपि 'यद्यपि' शब्द बढी प्रयोग गर्ने मुख्यमन्त्री पोखरेलले झण्डै ३२ जना सांसदहरुले तीन घण्टासम्म उठाएका प्रश्नहरुको एक घण्टा लगाएर जवाफ दिए । कुनै प्रशिक्षकजस्तै साँसदहरुलाई प्रशिक्षणात्मक शैलीमा प्रस्तुत भएका मुख्यमन्त्री पोखरेलले संघीयताको ऐतिहासिकता र नेपाल भारत सीमा नियमनबारे उठेका गम्भीर प्रश्नबारे भने मौन बसे, बुझ पचाए, पलायन भए । संसदमा उठेका गम्भीर प्रश्नबारे मुख्यमन्त्रीले सुनेको नसुन्यै गर्नु कसरी संसदीय मर्यादा र प्रतिष्ठाको विषय हुन सक्ला 'प्रशिक्षक' मुख्यमन्त्रीलाई जरुर पनि तालिम दिनुपर्ने विषय होइन । आफ्नो सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा यसक्षेत्रमा ३ हजार वर्ष अघि नै संघीय अभ्यास भइसकेको ऐतिहासिक तथ्य भनिएको बुँदा नै जनतालाई भ्रमित पार्ने भ्रामक विषय भएकोले ती शब्दहरु हटाउन संसद बैठकमा कुनै साँसदले माग गरिसकेपछि पनि कुनै जवाफ नदिनु संसदप्रति मुख्यमन्त्रीको सम्मान हो या अपमान हो ? संसदको मानहानी भएको नभएको छुट्याउने काम पनि संसदले नै मात्र गर्छ होला, होइन र ? यसले संसद भनेको नाटकघर मात्र भएको पुष्टी गरेन र ?

प्रदेश प्रमुख सम्मानित पद हो । प्रदेश प्रमुखको सम्बोधनका प्रत्येक अक्षर, शब्द र भावना प्रदेश सरकारको हुन्छ । त्यसैले प्रदेश प्रमुखले बोलेका प्रत्येक शब्दको स्वाभित्व र जिम्मेवारी प्रदेश सरकारले लिनु पर्छ । यसकारण नीति तथा कार्यक्रमको जवाफ दिने दायित्व मुख्यमन्त्रीलाई दिएको हुन्छ । नीति तथा कार्यक्रम संसदबाट पारित नभएको अवस्थामा प्रदेश प्रमुखले होइन, मुख्यमन्त्रीले राजनीनामा दिनुपर्ने हुन्छ । तर मुख्यमन्त्री हुन कै लागि प्रदेशसभामा आएका संसदवादी पोखरेलले साँसदहरुको प्रश्नको कुनै औचित्य छैन, नीति तथा कार्यक्रममा कुनै संशोधन हुन्न भन्नु बहुमतको ध्वाँस हो वा बढी बुजरुकता हो ? होइन भने त्यहाँ उठेका हरेक प्रश्नको जवाफ दिनु मुख्यमन्त्रीको दायित्व हो । नीति तथा कार्यक्रममा परेका हरेक शब्दको पुष्टी गर्नु मुख्यमन्त्रीको कर्तव्य हो । नीति तथा कार्यक्रम बोलियो र सकियो, होइन ।

नीति तथा कार्यक्रममा 'हाम्रा अग्रजहरुले आजभन्दा तीन हजार वर्ष पहिले नै प्राचीन कपिलवस्तुमा संघीयताको सफल अभ्यास गरेको ऐतिहासिक तथ्य हामी सबैको लागि गौरव तथा प्रेरणाको विषय हो' भनिएको छ । सत्तापक्ष कै माओवादी साँसद दिनेश पन्थीले तीन हजार वर्षअघिको संघीयता कस्तो रुपको थियो ? प्रष्ट पारे जान्ने अवसर पाउने धारणा राखे । सत्तापक्षकै बेन्चमा बसेका राजमोका साँसद तारा जिसीले संघीयताको खारेजीको माग गरिन् । संघीयताको पुष्ट्याइको लागि दिइएको ऐतिहासिक तथ्यप्रति असहति जनाइन् । तात्कालिन कपिलवस्तु राज्य कुन केन्द्रबाट निर्देशित थियो भनी सोधिन् । त्यो तथ्य भ्रामक भएकोले नीति तथा कार्यक्रमबाट नै हटाउन माग गरिन् । तर एमालेभित्र पनि विद्वान भनेर चिनाइएका मुख्यमन्त्री पोखरेलले यी गम्भीर विषयमा कुनै संकेतसम्म नगरी तर्के । कर्णप्रियताको लागि, विद्वता देखाउन अनेक श्रृंगारका शब्दहरुको जोहो गर्ने अनि नीति तथा कार्यक्रम त अब संशोधन हुँदैन भन्नु ... गर्नेलाई भन्दा सुन्नेलाई लाजको विषय भएन र ? आफ्नो उर्दीलाई शिरोधार्य गर्ने साँसदहरुबाट नीति तथा कार्यक्रम पारित गराउन त मुख्यमन्त्री सफल भए तर सचेत जनतालाई जवाफ नदिई पोखरेलले सुख पाउला ?

यतिबेला समृद्धि एमालेको ठेगो बनिरहेको छ । प्रदेश नं. ५ मा पनि समृद्ध प्रदेश, खुशी जनताको नारा दिइएको छ । कृषि, उद्योग र पर्यटनलाई समृद्धिको आधार बनाउने भनिएको छ । तर कृषि उत्पादनमा आत्मनिर्भर भएर पनि खुल्ला सीमाको कारण भारतीय कृषि जन्यवस्तु सँग नेपालले प्रतिस्पर्धा गर्न नसक्ने एमाले कै साँसद विष्णु पन्थीको सुझावमाथि मुख्यमन्त्री पोखरेलले कुनै प्रतिक्रिया जनाएनन् । यो प्रदेशबाट माछा अन्य प्रदेशमा पठाउन सक्ने भएर पनि अस्वस्थकर भारतीय माछा बजारमा बिक्री भइरहेको भन्दै साँसद पन्थीले सीमामा रहेको क्वारेन्टाइनले कुनै चेकजाँच नगरेको बताए । काँग्रेसका साँसद वैजनाथ कलवारले गोरखपुरबाट आएका भारतीय लगायत तेस्रो देशका पर्यटकले समेत अध्यागमन विभागबाट प्रवेशाज्ञा नलिइकन दुई घण्टामा लुम्बिनी घुमेर जाने भएकोले ती पर्यटकले नेपाल पुगेको महशुस नहुने बताए । एमालेका साँसद तुल्सीप्रसाद चौधरीले भारत भएर लुम्बिनी आएका पर्यटकहरुसँग भिशा शुल्क लिनुपर्ने जिकिर गरे । काँग्रेस कै साँसद भुमेश्वर चौधरीले खुल्ला सीमा कै लागु औषध भित्रिरहेको नियन्त्रणबारे ठोस योजना नल्याएको टिप्पणी गरे भने अर्का काँग्रेस कै साँसद निर्मला क्षेत्रीले नेपाल भारत सीमा व्यवस्थित गर्नको लागि केही नबोलिएको टिप्पणी गरिन् । सत्तापक्ष र प्रतिपक्षका साँसदहरुले नेपाल भारत सीमा नियमनबारे गम्भीर विषय उठान गर्दा पनि मुख्यमन्त्री पोखरेलले कुनै वास्ता नगर्नु उनको निरिहता भन्दा अरु के होला ? खुल्ला सीमाका कारण सीमा क्षेत्रका सोझा र इमान्दार जनताहरुले अनावश्यक तनाब व्यहोरिरहनु परेको छ । सीमा नियमनकै कुरा गर्न आँट नगर्ने मुख्यमन्त्री पोखरेलले कृषियोग्य नेपाली भूमि डुबानमा पर्ने गरी सीमा नजिकै भारतले एकतर्फी बनाइएका बाँधहरु भत्काउन लगाउन कुनै पहल गर्ला र त्यस्ता कार्यक्रम नीति तथा कार्यक्रममा उल्लेख गर्ला भनेर चिताउनु पनि व्यर्थको विषय देखियो ।

देशमा समाजवाद उन्मुख संविधान छ । तर प्रदेश नं. ५ को नीति तथा कार्यक्रममा कतै पनि समाजवाद र समाजवाद उन्मुख अर्थनीतिबारे उल्लेख नै भएन । एमालेकै साँसद दामा शर्माले समाजवाद उन्मुख संविधानको स्मरण गर्दै शिक्षा, स्वास्थ्य, गाँसबास राज्यको दायित्व हुनुपर्ने सुझावबारे मौन बसेका मुख्यमन्त्री पोखरेलले माओवादी साँसदले प्रदेश सरकारको आफ्नै टिभी, रेडियो र पत्रिका मुखपत्र हुनुपर्ने मागको जवाफमा निजी सञ्चार माध्यम भए पुग्ने र नपुग्ने दुई वटा विचारधारा भएको व्याख्या सुनाए तर आफू कुन विचारधाराको हो ? कुनै प्रष्ट दृष्टिकोण दिएनन् । पहिलाका सरकारहरुले भन्दै आएको औद्योगिक करिडोर कै रटान दोहोऱ्याएको नीति तथा कार्यक्रममा बुटवल धागो कारखाना, बाँकेको कपास उद्योग, कपिलवस्तुको छाला प्रशोधन लगायत सरकारी उद्योगहरु पुन: सञ्चालन गर्ने चर्चासम्म गएिको छैन । कम्युनिष्ट नाम गरेका एमाले, माओवादी र राजमोको संयुक्त सरकारले राष्ट्रिय पूँजीको संरक्षण र सम्बर्द्धन गर्ने अनि जनताप्रति उत्तरदायी हुने कुनै अर्थ नीति र कार्यक्रमहरु प्रस्तुत गरेको छैन । दलाल पूँजीवादी राज्यव्यवस्थाको संसदीय औपचारिकताको लागि मात्र नीति तथा कार्यक्रम आएको हुनाले बुटवलका अर्थशास्त्री प्रा. डा. रामचन्द्र आचार्यले भने, 'नयाँ बोतलमा पुरानै रक्सी आएजस्तै छ ।'

**हार्दिक मंगलमय शुभकामना**

नयाँ वर्ष २०७५ सालको उपलक्ष्यमा शेयरसदस्य, बचतकर्ता, कर्मचारी, शुभचिन्तक एवं सम्पूर्ण कीर्तिपुर नगरवासीमा सु-स्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना।

**उमामहेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
नयाँबजार, कीर्तिपुर, काठमाडौं

**हार्दिक मंगलमय शुभकामना**

नयाँ वर्ष २०७५ सालको उपलक्ष्यमा शेयरसदस्य, बचतकर्ता, कर्मचारी, शुभचिन्तक एवं सम्पूर्ण कीर्तिपुर नगरवासीमा सु-स्वास्थ्य एवं दीर्घायुको मंगलमय शुभकामना।

**परिवर्तनकारी बचत तथा ऋण सहकारी संस्था लि.**
नयाँबजार, कीर्तिपुर, काठमाडौं

# Vacancy Announcement

Rarahil Memorial School, a credible educational institution for Child centered teaching in Southern part of Kathmandu valley is looking for energetic, competent and dedicated teachers as follows:

| Job Title | Minimum Qualifications: |
| --- | --- |
| Science Teacher (1) | Master's degree in Science with at least 2 years teaching experience in Science at secondary level |
| Math Teacher (1) | Master's degree in Math with at least 2 years teaching experience in Math at secondary level |
| Social Studies (1) | Master's degree in Sociology/Anthropology with 2 years teaching experience in Social Studies at secondary level or Master's degree in English with 2 years teaching experience in Social Studies at secondary level |

Salary and other facilities: As per the policy of the School.
Potential candidates are requested to email application with CV by Baisakh 5, 2070.
Phone contact will not be entertained. Only short listed candidates will be invited for the further process.

Rarahil Memorial School
Email: rarahil@mail.com.np/rarahilmemorialschool@gmail.com

# नेमकिपा जुम्लामा डाँगी पुनः अध्यक्ष

जुम्ला । नेपाल मजदुर किसान पार्टीको तेऱ्हौं जुम्ला जिल्ला सम्मेलन शिवलाल डाँगीको अध्यक्षतामा २१ सदस्यीय नयाँ समिति निर्वाचन गरी सम्पन्न भयो ।

शनिबार भएको बन्द बैठकले प्रतिवेदन छलफलसहित पारित गरेको थियो ।

नेमकिपा सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यद्वय जयबहादुर शाही र अनुराधा थापामगर सम्मिलित अध्यक्ष मण्डलले बन्द बैठकको प्रक्रिया सञ्चालन गरेको थियो ।

बैठकमा सचिव सुवालले नवनिर्वाचित जिल्ला समितिले पार्टीको सिद्धान्तअनुसार जिल्लाको गाउँपालिका र नगरपालिकाहरूको वडा वडामा संगठन विस्तार, पार्टी प्रकाशन र अन्तरक्रिया गर्ने काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले भन्नुभयो, 'पार्टी कार्यकर्ताका छोराछोरीहरूलाई पार्टीको जनवर्गीय संगठन नेक्राविसंघ र नेक्रायुसंघको संगठनमा संगठित गरी देश, जनता र पार्टीको सेवा गर्ने सुसंस्कृत नागरिक बनाउनुपर्दछ । कार्यकर्ताहरू जनताको बीचमा पुगेर पूँजीवादको खरावी र समाजवादको आवश्यकताबारे कक्षा लिनु आवश्यक छ ।'

सरकारमा जाने पार्टीहरू नामले कम्युनिष्ट भए पनि काम पूँजीवादी नै हुन् । ती पार्टीका सरकारहरूले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादसामु आत्मसमर्पण गर्दै आएका छन्, उहाँले भन्नुभयो ।

भारत बर्सेनि हजारौं किसान ऋण तिर्न नसकेर आत्महत्या गर्ने, आधा मानिसको शौचालय नभएको र आधा मानिस एक छाकमात्र खान पाउने देश भएको सचिव सुवालले बताउनुभयो ।

बन्द बैठकमा प्रशिक्षण दिँदै नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले महिलालाई कुनै पद दिँदैमा सम्पूर्ण कामदार महिलाको हित हुन नसक्ने बताउनुभयो ।

उहाँले हिजोका राजा-महाराजाले गरेको चाल-चलन आजका राष्ट्रपति र प्रधानमन्त्रीले निरन्तरता दिंदा देशमा गणतन्त्र आएको भिन्नता नेपाली जनताले आभास गर्न नसकेको बताउनुभयो । नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य सृजना सैंजूले देशको आयात बढ्ने, निर्यात घट्ने अवस्थामा देशमा समृद्धि आउन नसक्ने बताउनुभयो ।

उहाँले पूर्वतयारी विनाको संघीयता भाँडभैलो बनेको बताउनुभयो । नेपाल क्रान्तिकारी विद्यार्थी संघका केन्द्रीय अध्यक्ष निरज लवजूले नेपालको कम्युनिष्ट आन्दोलनमा संशोधनवादबारे प्रशिक्षण दिनुभयो ।

नवनिर्वाचित समितिलाई नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्ले र जयबहादुर शाहीले शुभकामना व्यक्त गर्नुभयो ।

# हतियार त अपराधीले पनि उठाउँछन्

बनेपा । नेपाल मजदुर किसान पार्टी काभ्रेको तेस्रो जिल्ला सम्मेलन पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेंको प्रमुख आतिथ्यतामा बनेपामा सम्पन्न भयो ।

सम्मेलनमा प्रमुख अतिथि बिजुक्छेले २०४७ सालमै एमालेलाई भाई काँग्रेस भनेको क्रमिक रुपमा पुष्टि हुँदै गएको बताउनुभयो । नामले होइन कामले को के हो थाहा हुन्छ, हतियार उठाउँदैमा कम्युनिष्ट हुँदैनन हतियार त डाँकाले पनि उठाउँछन् उहाँले भन्नुभयो ।

'कानुनले दियो भन्दैमा कति कुरा गर्नुहुन्न, नैतिकता धेरै ठूलो हुन्छ । राजनीति गर्नेहरू नैतिकतामा बस्नुपर्छ । कसैले पैसा दिँदैमा पार्टी सदस्यता दिनुहुन्न । पद र पैसाको लागि लडाईं गर्ने होइन लक्ष्य र उद्देश्यपूर्तिका लागि काम गर्नुपर्छ' अध्यक्ष रोहितले भन्नुभयो । सम्मेलनमा राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा कार्यकर्ताहरूलाई प्रशिक्षण दिनुभएको थियो ।

नेपाल मजदुर किसान पार्टी काठमाडौंका प्रतिनिधि राजवीर डंगोलले विश्व राजनीतिमा समाजवाद नै सर्वोत्कृष्ट व्यवस्था भएको प्रमाणित भएको छ । गरिब मुलुकका जनता समाजवाद प्रति आस्था राख्छन् । एमाले, माओवादी केन्द्रले हँसिया हथौडा अंकित झण्डा बोकेर पूँजीवादी व्यवस्थामा सरकारमा गएर जनतालाई धोखा दिएको बताउनुभयो ।

शासक दलका नेताहरू काठमाडौंलाई विकास गर्न नभई व्यक्तिगत सुविधा लिन आएका हुन् भन्दै यसैकारण काठमाडौं अस्तव्यस्त भएको डंगोलले बताउनुभयो ।

नेमकिपा भक्तपुरका प्रतिनिधि नारायणबहादुर दुवालले प्रशिक्षण, अन्तरक्रिया, छलफल कार्यक्रमले कार्यकर्ताको सैद्धान्तिक स्तर उठ्ने बताउनुभयो । राजनीतिक कार्यकर्ताले व्यक्तिगत इच्छा आकांक्षा नराखी जनताको इच्छा आकांक्षा नै आफ्नो इच्छा आकांक्षा हुनुपर्छ भन्नुभयो । सरकारमा गएका दलहरू पूँजीपति वर्गका सञ्चालक समिति भएको दुवालले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी तेस्रो जिल्ला सम्मेलन तयारी समितिका संयोजक कृष्णकुमार वैद्यको सभापतित्वमा भएको समारोहमा वैकल्पिक केन्द्रीय सदस्य कृष्णबहादुर तामाङ, सल्लाहकार डा. हरिप्रसाद मानन्धर, त्रिरत्न सायमी, तारा न्यौपाने र भोला खरेलले मन्तव्य व्यक्त गर्नुभएको थियो । सम्मेलनले कृष्णकुमार वैद्यको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. १९८४/१२/३०

स्वर्गारोहणः
वि.सं. २०७४/१२/१८

**स्व. मोहन माया महर्जन**

यस संस्थाका सदस्य श्री प्रमोद महर्जनज्यूका ममतामयी हजुरआमा **श्रीमती मोहन माया महर्जन**को ९० वर्षको उमेरमा मिति २०७४ चैत्र १८ गते भएको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै ब्रम्हलिन आत्माको चीर शान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**आजु भेहिकल प्रा. लि. परिवार**
नयाँबजार, कीर्तिपुर

# आवश्यकता

यस कीर्तिपुर उपभोक्ता सहकारी संस्थाद्वारा सञ्चालित कीर्तिपुर सहकारी पसल (CO-OP SHOP) को लागि तपसिलमा उल्लेखित पद र संख्यामा कर्मचारी आवश्यकता भएको हुँदा ३५ वर्ष ननाघेका, स्थानीयबासी र स्थानीय भाषा जान्ने योग्य तथा इच्छुक व्यक्तिहरूबाट सूचना प्रकाशित भएको मितिले सात(७) दिनभित्र आवश्यक कागजातसहित संस्थाको कार्यालयमा कार्यालय समयमा दरखास्त आव्हान गरिन्छ ।

| पद | संख्या | शैक्षिक योग्यता |
| --- | --- | --- |
| स्टोर किपर | १ | प्रमाणपत्र तह वा सो सरह |
| सेल्स ट्रेनी | ४ | प्रवेशिका उत्तीर्ण वा सो सरह |

नोटः महिलालाई विशेष ग्राहयता दिईने छ ।

**आवश्यक कागजातहरू :-**
१) हालसालै खिचिएको दुई प्रति रंगिन फोटो
२) नागरिकता प्रमाणपत्रको फोटोकपी
३) शैक्षिक योग्यताको फोटोकपी
४) हस्त लिखित निवेदन
५) व्यक्तिगत विवरण (Bio-Data)

**कीर्तिपुर उपभोक्ता सहकारी संस्था**
कीर्तिपुर, वडा नं. ९
फोन नं : ०१४३३३०४१, ०१४३३०६०९

# भक्तपुरको ऐतिहासिक बिस्का जात्रा

**– ओम धौभडेल**

भक्तपुरको बिस्का जात्रा वर्षभरि यहाँ मनाईने विभिन्न जात्राहरूमध्ये सबैभन्दा लामो अनि महत्त्वपूर्ण जात्रा हो। जुन चैत शुक्ल मसान्तको चार दिन अगाडिदेखि वैशाख ५ गतेसम्म अर्थात् आठरात नौ दिन मनाइने गर्छ। बिस्का जात्रा भन्नासाथ 'द्य:क्वाँहा' बिज्याकेगु जात्रा, 'द्य:थाहाँ' बिज्याकेगु भनिने भैरव भद्रकालीको जात्रा र योसीं थनेगु, योसीं क्वथेगु भनी चिनिने लिगों जात्रालाई नै प्रमुख जात्रा मानिँदै आएको छ। तर बिस्काभित्र यो बाहेक दुमाजु जात्रा, इन्द्रायणीको त्वरिवा जात्रा, बाराहीको टिप्वा जात्रा, महाकाली महालक्ष्मी जात्रा ब्रह्मायणी माहेश्वरी जात्रा, जेठागणेश बुल्चा भैरव जात्रा, इनारे गणेश (सूर्यविनायक गणेश) जात्रा, ल्हामरु योसीं जात्रा, छुम्ह गणेश जात्रा, द्य:स्वगं बियेगु जात्राजस्ता थुप्रै जात्रा हुन्छ। भक्तपुरमा जस्तै वरपर थिमी, बोडे, नगदेश, कटुन्जे, गुण्डु, दधिकोट, ताथली, सुँडाल, साँगा, खड्पु, धुलिखेल, टोखा, थसी, सुनाकोठी, चौकोटजस्ता ठाउँहरूमा समेत आ-आफ्नै प्रकारका जात्राहरूले बिस्का मनाएको हुन्छ। जसमा थिमी बोडे नगदेशको ३२ खटको जात्रा लगायत ठाउँठाउँमा योसीं उठाई स्थानीय देवदेवीको जात्रा गर्ने चलन छ। यसबाहेक वैशाख १ गते मेष सङ्क्रान्तिको दिन भक्तपुरको योसीखेलस्थित चुपींघाटमा दिनभर मेला लाग्छ। यता उही दिन बिहान टोखाको सपन तीर्थ, दधिकोटको चरखण्डी तीर्थ र वागेश्वरीको वागेश्वर तीर्थमा मेला लाग्दछ। समग्रमा आठरात नौ दिनसम्म भक्तपुरलाई केन्द्रविन्दु बनाएर थुप्रै जात्रा तथा मेलाले बिस्का जात्रा सम्पन्न हुन्छ।



यो जात्राको नाम कसरी बिस्का रहन गयो ? खोतल्ने हो भने जात्राको मात्र नभई भक्तपुर र समग्र नेपाल मण्डलको इतिहास देखा पर्न आउँछ। यस जात्राको नाम उल्लेख भएको सबैभन्दा पुरानो अनि भरपर्दो प्रमाण भनेको यक्ष मल्लको टौमढीको ने. सं. ५६१ को शिलापत्र हो। जसमा तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुर सहरमा वर्षभरि मनाउने विभिन्न जात्रा चाडपर्व संस्कृतिको उल्लेख गर्ने क्रममा 'विश्वजात्रा' को उल्लेख भएको छ। यहाँ विश्वजात्रा भनी बिस्का जात्रालाई इङ्गित गरेको छ। यक्ष मल्लले के कति कारणले विश्व जात्रा भनिएको हो, त्यसबारे अलि गहन अध्ययन गर्नु आवश्यक छ। वास्तवमा बिस्का जात्राको मूल जात्रा भनेकै चैत शुक्ल मसान्तको दिन योसीं द्य (लिगों) उठाई त्यसमा एक जोडा ध्वजा फहराउनु अनि वैशाख सङ्क्रान्तिको दिन उक्त योसीं ढाल्नु हो। जुन दिन सूर्य विभिन्न १२ राशीको परिक्रमापछि पुन:मेष राशीमा प्रवेश गर्ने भएर उक्त दिन मेष सङ्क्रान्तिबाट पनि चिनिन्छ। यसरी चैत शुक्ल मसान्त र वैशाख सङ्क्रान्तिको दिन मनाउने जात्रा विश्वकेतु जात्राबाट प्रख्यात छ। यही विश्वकेतु जात्रालाई यक्ष मल्लले ने.सं. ५६१ को टौमढीको शिलापत्रमा 'विश्वजात्रा' मात्र भनियो। ने.सं. ७१२ देखि जात्रा सम्बन्धमा टिपिएको नें सं. ९१८ मा लेखिएको ठ्यासफुमा समेत ठाउँठाउँमा विश्वजात्रा नै भनिएको देखिन्छ। यता भक्तपुरमा ठाउँठाउँमा राखिएका जात्रासम्बन्धी शिलापत्रमा चाहि विसक्यात, बिसेक्यातजस्ता शब्दहरू परेको छ। जुन उही विश्वकेतुको अप्रभंस रुप हो। यसलाई मौखिकमा बिसका कहलिन पुग्यो यद्यपि हरेक नेवार जनसमुदायमा बिसकाबाट बढी चिनिन्छ। यही विश्वजात्रा, विसक्यात, विसका आम नेपालीको लागि बिस्केट बन्न पुगेको हो। विश्वकेतुलाई पछि गएर विश्वध्वजा पनि भनियो। स्थानीय नेपालभाषामा हलिंपतले चिनिन्छ। जहाँ हलिं भन्नाले विश्व अनि पत भन्नाले ध्वजा भनेर स्पष्ट छ। पछिल्ला समयमा यो विश्वध्वज अर्थात् हलिंपत विजयको प्रतीक वीर ध्वजाबाट समेत चिनियो। जुन ध्वजा एक जोडा हुन्छ। एउटा ३५ हात लामो जसलाई भाले र अर्को ३४ हात लामोलाई पोथी मानिन्छ। यसलाई नागनागिनी पनि भनिन्छ। तर यसमा कुँदिएका अष्टमङ्गलका चिन्हहरू, भैरव, गणेश, त्रिशुल, षट्कोण, त्रिकोण अग्नि, शक्ति, बञ्चरो, इन्द्रको बज्र, हिटिमगं, अनेक मण्डलचित्रहरू, चन्द्र सूर्य, फूलमालाहरू, कमलको फुलगायत अनेक तान्त्रिक चित्रहरूबाट सु-सज्जित हुने क्रममा कतै नागनागिनीको सङ्केत भेटिदैन। बरु ध्वजाको छेउ छाउमा रहेको नूपुर, बतासे घण्टा (फयगां) र रंगीन धागोको आकर्षक बुट्टाहरूले ध्वजा अत्यन्त राम्रो देखिन्छ। हावामा लहराएका यी दुई ध्वजा एक आपसमा ठोकिदा वा हल्लिंदा फयगांको आवाजले अत्यन्त कर्णप्रिय सङ्गित गुञ्जेको हुन्छ।

नेपालमा लिच्छवी कालमै धार्मिक तथा सांस्कृतिक उद्देश्यले ध्वजारोहण गर्ने चलन रहेको बुझिन्छ। लिच्छवी कालका केही अभिलेखहरूमा उल्लेख भएको ध्वजगोष्ठीबाट त यस्ता ध्वजारोहण तथा ध्वजाजात्रा चलाउन जग्गा जमिनसमेतको आयस्ता राखी गुठीको व्यवस्था गरेको प्रमाणित हुन्छ। तर ध्वजाजात्राकै क्रममा प्रत्येक वर्ष भक्तपुरमा मनाउने बिस्का जात्राको विश्वकेतु अर्थात् विश्वध्वजा जात्रा धार्मिक तथा सांस्कृतिक उद्देश्यभन्दा अलि पृथक रही मनाएको आभास हुन्छ। पौराणिक कालमा समेत ध्वजा फहराउनुलाई विजयको प्रतीकको रुपमा लिएको थुप्रै उदाहरण छँदैछ। त्यसलाई नै मध्यनजर गरी नेपालकै इतिहासमा अझ भक्तपुरकै माटोमा ने.सं. ४१४ को एउटा घटनाले यसमा थप बल दिन्छ। ने.सं. २६७ मा लिच्छवी राजा आनन्ददेवले भक्तपुरको चनिगल (हालको तुलाछैं) वरपर त्रिपुर दरबार बनाई सम्पूर्ण नेपाल मण्डलको राज्य चलाउने भएपछि करिब १५० वर्षपछि उही त्रिपुरमा कहिले मल्ल त कहिले देव नामधारी शासकहरूले कब्जा जमाउने होडमा ने.सं. ४१४ मा जयशक्तिदेवले विजय प्राप्त गरेको अवसरमा उनकी आमा वीरमा देवीले ध्वजारोहण गरेको इतिहासमा उल्लेख छ। जुन समयमा यहाँ विपक्षी जयतुगं मल्ल र उनकी रानी पदुमल देवी थिइन्। वीरमा देवी र पदुमल देवी दुवै कर्नाटककी छोरीहरू भएता पनि डोयहरूले कहिले वीरमा देवी त कहिले पदुमल देवीलाई सहयोग गर्ने बहानाले भक्तपुरमथि कैयौं पटक धावा बोलेको थियो। पछि जयतुगं मल्ल र पदुमल देवीले आफ्नी छोरी देवल देवीको विवाह डोय राजकुमार हरिसिंह देवसंग गरि दिएपछि वीरमा देवीको भन्दा पदुमल देवीको शक्ति बढ्न गयो। पछि उनका छोरा रुद्र मल्ल नेपाल मण्डलको शासक बन्न पुगे। वास्तवमा यस्तो शक्ति सङ्घर्षको दौरान वीरमा देवीले ध्वजारोहण गरेको साऱ्है अर्थपूर्ण ठहरिन्छ।

क्रमशः पृष्ठ ५ मा



# भक्तपुरको ऐतिहासिक.....

तत्कालीन समयको शक्ति केन्द्र त्रिपुर दरबारबाट अति नजिक पर्ने योसीं खेलमा प्रत्येक वर्ष चैत शुक्ल मसान्तको दिन योसीं उठाउने र वैशाखको पहिलो दिन ढाल्ने गर्दै आएको अझ महत्त्वपूर्ण छ। त्रिपुरमा बस्ने सत्ताधारीहरूले आफ्नो विजयोत्सव मनाउन योसीं खेलमा योसीं उठाउने विश्वकेतु जात्रा प्रख्यात हुन पुग्यो। तत्कालीन शासकहरूले आफ्नो विजयमा मनाएको यो जात्रा धार्मिक तथा सांस्कृतिक उद्देश्यभन्दा बढ्ता राजनैतिक स्वार्थबाट अभिप्रेरित छ। जो वीर छ उसले मात्र ध्वजा फहराउने भएकोले यसलाई वीरध्वजा पनि भनिएको छ। ध्वजामा अङ्कित विभिन्न चिन्हहरूले यस्तै भन्छ। युद्धमा प्रयोग हुने वज्र, त्रिशुल, अग्नी शक्ति तथा शुभाशुभ लक्षयणयुक्त विभिन्न चिन्हहरूबाट यो ध्वजा वीरताको प्रतीक बनेको देखिन्छ। यता गौतमी पुराणलाई आधार बनाएर रचना गरिएको वर्षक्रिया नामक ग्रन्थमा समेत चैत्र मसान्तको दिन योसीं थाने गरेमा दु:ख नास भई शत्रु क्षय हुने र सो ध्वजासहितको योसीं वैशाख सङ्क्रान्तिको दिन ढालेमा दुर्भिक्ष अन्त्य हुने बताएको छ। त्यहाँ स्पष्टसँग उल्लेख भएको योसीं थाने र योसीं क्वथे महत्त्वपूर्ण प्रक्रिया हो भन्ने पुष्टि हुन्छ। तत्कालीन नेपाल मण्डलका शासकहरूले यसलाई महत्त्वका साथ लिएको स्पष्ट हुन्छ। यो जात्राको केन्द्रविन्दु भक्तपुर सहर नै हुनु पछाडि तत्कालिन नेपालमण्डलको राजधानी भक्तपुर र त्यसको केन्द्र त्रिपुरलाई लक्षित गरी बिस्का जात्रा मनाएकोमा दुईमत छैन। पूर्व मध्यकालदेखि सुरु भएको बिस्का जात्रा त्रिपुरमा बस्ने शासकहरूको विजय यात्राको रुपमा चल्दै गयो। तर यसै समयमा लेखिएको गोपाल राजवंशावलीमा बिस्का जात्राको विषयमा कुनै एक शब्द उल्लेख भएन। कारण केलाउँदा एक त जयस्थिति मल्ल कुनै युद्ध वा राजनैतिक कारणले यहाँ राजा हुन पाएका व्यक्ति थिएनन्। पत्नी राजल्ल देवीको पतिको हैसियतले मात्र राजा हुन पाएका जयस्थिति मल्लले आफुलाई वीर महान कतै उल्लेख गरेनन्। बरु ठाउँठाउँमा पत्नी राजल्ल देवीलाई नै वास्तविक शासक भएको अर्थ आउने विशेषणहरू लगाए। त्यसैले उनले बिस्का जात्रालाई उल्लेख गर्नु उचित ठानेनन्। त्यतिमात्र हैन गोपालराज वंशावली लेख्ने वंशावलीकार स्वयं भक्तपुरका थिएनन्। पनौतीका उक्त अज्ञात व्यक्ति जहाँ बिस्का जात्रा छैन ले बिस्का उल्लेख गर्न आवश्यक ठानेनन्। त्यस्तै उक्त समयका अमात्य (मन्त्री) जयत मूल्मी पाटनका थिए। उनले बिस्काको सट्टा त्यहाँको प्रसिद्ध मच्छिन्द्रनाथ जात्राको उल्लेख गर्न लगाए। यसरी गोपाल राज वंशावलीमा बिस्काको उल्लेख हुन नपाए पनि उनै जयस्थिति मल्लका नाति यक्ष मल्लले उत्तर दक्षिण पूर्व पश्चिममा आफ्नो सिमाना बढाई एक छत्र राज्य चलाएको समयमा ने.सं. ५६१ मा बिस्का जात्रालाई सांस्कृतिक रुपले अभिलेखमा कोर्न सफल भयो। यक्ष मल्लको मृत्युपछि त्रिपुरमा राय मल्लजस्ता कमजोर राजा रहँदा विशाल नेपाल मण्डल सिंगो रहन सकेनन्। महत्वाकाङ्क्षी भाई भारदारहरूले कान्तिपुर, ललितपुर, बनेपा, दोलखा, फर्पिङजस्ता राज्यहरू स्वतन्त्र गर्दै लगे। यो क्रम राय मल्लको नाति प्राण मल्लको समयमा पुग्दा एउटै भक्तपुरलाई तीन जना राज्यका अंशियारहरूले बाँडेर राज्य गर्न ने.सं. ६४७ मा चाँगुमा एउटा ताम्रपत्र राखियो। जसअनुसार एउटै भक्तपुरभित्रको तीन राज्यको सिमाना स्वरुप इनाचो टोलको स्वंगल्वहँ (तीनवटा ढुङ्गा) लाई केन्द्र बनाई तीनवटा राज्यलाई तीनवटा मसान, तीनवटा दिगु द्य स्थान, तीनवटा तोरी पेल्ने ठाउँ 'स' तीन ठाउँमा नवदुर्गा नाचको आरती दिने चलन भक्तपुरको प्रसिद्ध यन्योंपुन्ही (इन्द्रजात्रा) तीन ठाउँबाट यामता, मुपात्र तथा तीन फरक देवदेवीको तीन दिन जात्रा हुने जस्ता थुप्रै संस्कृतिको विकास भयो। त्यसमध्ये पहिलेदेखि प्रचलनमा आएको योसींखेलबाहेक तालाक्व र महालक्ष्मीस्थान वेखालमा समेत गरी तीन ठाउँमा लिगों उठाउने चलन विकास भयो। हाल महालक्ष्मी स्थानको लिगों उठाउने चलन बन्द भइसकेता पनि योसींखेल र तालाक्वको चलन अद्यापि छ। यता राय मल्लपछि भक्तपुरको अधिनबाट नेपाल मण्डल राज्यहरू स्वतन्त्र हुँदै जाने क्रममा भुवन मल्लले नवदुर्गा नाच र बिस्का जात्रालाई धार्मिक सांस्कृतिक अवधारणाले भक्तपुर र आफ्नो अधिनका राज्यहरूबीच एकता ल्याउने प्रयास भयो। भुवन मल्लले बनाएको यो सोच विश्व मल्लकी रानी गंगारानी जगर्ज्योति मल्लले भक्तपुर र भक्तपुरको अधिनस्थ इलाकामा बिस्का जात्रा भव्य रुपले मनाउने चलन ल्यायो। त्यति भएर पनि बनेपा, पनौती, नालाजस्ता भक्तपुरकै अधिकार भएको ठाउँमा बिस्का नभई नालामा सेतो मच्छिन्द्रनाथ (नाला करुणामय) बनेपामा चण्डेश्वरीको जात्रा तथा पनौतीमा भैरव भद्रकालीको जात्रा प्रमुख हुन पुगे। यता जगतप्रकाश मल्लको समयसम्म आइपुग्दा भक्तपुरको बिस्का जात्रा उपत्यकाकै सबैभन्दा महत्त्वपूर्ण अनि भव्य जात्रा हुन पुग्यो। कान्तिपुरका राजा प्रताप मल्लले भक्तपुरको बिस्का जात्रालाई पूजा भाग पठाएको ने.सं. ७८० को घटना उल्लेख भएको वर्षकृति ठ्यासफुमा बिस्काको उल्लेख हुनु यसको प्रमाण हो। तर उनै प्रताप मल्लले सोही वर्ष आफ्नो आदेशबिना बिस्का जात्रा चलाउन नपाउने भनी भक्तपुर आक्रमण गर्न पुगे। त्यतिमात्र होइन भक्तपुरको बिस्का जात्राको मुख्य भाग लिंगो उठाउने जात्राको लागि चाहिने योसीं रहेको नालासँगैको हलल गाउँसम्म आक्रमण गरे। ती ठाउँमा ठूलाठूला ढुङ्गाहरूमा समेत आफ्नो अभिलेख कुँदाए। तर पनि उनी भक्तपुरको बिस्का जात्रा चलाउन रोक्नबाट असफल भए। त्यसपछिका भक्तपुरका राजाहरूले बिस्का जात्रालाई अझ आकर्षक अनि भव्य बनाउँदै लगे। यसमा भूपतीन्द्र मल्लको ठूलो देन छ। उनले भैरवनाथ र भद्रकालीको वर्तमान रथ जात्राको चलन चलाए। नगरभरिका विभिन्न देव देवीहरूको जात्रा चलाए। मल्लकालको अन्तसम्म आइपुग्दा बिस्काले भक्तपुरको सान मान रौनक बढायो। बिस्का जात्राको नाम आउनासाथ भक्तपुरको नाम लिने प्रथाको विकास भयो।

बिस्का जात्राको ऐतिहासिकताबारे हिजोसम्म त्यति अनुसन्धान भएको देखिदैन। नेपालमा किराँती, लिच्छवी, मल्ल, शाह हुँदै अहिले लोकतन्त्र आएको अवस्थामा बिस्का जात्रा एउटा वंशको पतन र अर्को वंशको उदयमा खुसियालीसँग मनाएको जात्रा भन्ने गरिएको कतिको सान्दर्भिक छ , अध्ययन गर्नुपर्ने हुन्छ। ऐतिहासिकता सोधखोजको कमी जतिसुकै भए पनि यहाँ जोडिएका प्रशस्त किंवदन्ती आख्यानले यो जात्रा बढी प्रख्यात छ। एउटा राजनैतिक उद्देश्यले अभिप्रेरित जात्रालाई धर्मभिरु जनताबीच बेरोकटोक मनाउनु पछि यस्तै यस्तै आख्यानहरूले ठूलो भूमिका खेलेको छ। लिंगोमा उठाउने ध्वजालाई नागनागिनीको संज्ञा दिनु, राजकुमारीको नाकबाट निस्केको नागले दिनको एकजना राजकुमार मार्नु, काशीबाट विश्वनाथ भगवान जात्रा हेर्न आउँदा उनको टाउको काटिनु, भैरव भद्रकाली श्रीमान श्रीमती हुनु जस्ता थुप्रै थुप्रै कहावत र ती कहावतअनुसारका धार्मिक सांस्कृतिक क्रियाकलाप जात्राको क्रममा गरिनुबाट बिस्का जात्रा चलाउने शासकहरूले जस्तोसुकै स्वार्थले जात्रा चलाएको भए तापनि यहाँका जनताले यो जात्रालाई अत्यन्त श्रद्धापूर्वक मनाएबाट एकपछि अर्को पुस्ता हुँदै यो जात्रा प्रत्येक वर्ष धुमधामसँग मनाउदै आएको छ, मनाउदै जानेछ। जात्राको क्रममा यस्तै आख्यानले बढावा पाउँदै आएको छ। पहिलो दिन भैरव र भद्रकाली जात्रा हेर्न आआफनो द्य:छेंबाट रथमा सवारी हुन्छ। यसैबीच दुईको बीच अनवन भएपछि भद्रकाली रिसाएर माइती पुग्छे। भैरव चपालमा बस्न पुग्छ त भद्रकाली लयकोमा बस्छ। चैतमसान्तको दिन भैरव लिंगो उठाउने हेर्न योसींखेल पुग्छ। सगँसगै भद्रकाली पनि त्यही पुग्छे। एकरात एकदिन भैरव भद्रकाली त्यही बास बस्छ। भोलिपल्ट योसीं ढालेपछि भैरव र भद्रकालीलाई ग:हिटी ल्याउँछ। त्यहाँ उनीहरूबीच तीनपल्ट रथ जुधाउँछ। त्यसपछि भैरवको रथ त्यही रहन्छ। तर भैरवनाथको मूर्ति त्यहाँबाट निकाली पुन: चोछेंमा राख्न लैजान्छ। यता भद्रकालीको रथ टौमढी लगिन्छ। यति बेलासम्म नगरभरिका अष्टमातृका देवी, गणेश तथा भैरव देवताहरू द्य:छेबाट तल सवारी भइसकेको हुन्छ। भैरव र भद्रकालीको रथ एक आपसमा जुधाइसकेपश्चात् तिनीहरूको पनि खट जुधाउने कार्य सुरु हुन्छ। वैशाख ४ गते यी सवै देवदेवीहरूलाई द्य: स्वंग वियेगु चलन छ। वैशाख ४ र ५ गते सवै देवदेवीहरू द्य: थाहाँ बिज्याके गरेपछि यस वर्षको बिस्का जात्रा सम्पन्न हुन्छ। नव वर्ष २०७५ सालको सबैमा शुभकामना।





ANNOUNCES

Admission Open for the Academic Session 2075

PLAY GROUP - GRADE VII

Reserve your seats in time (Seats are limited)

Entrance Dates: 2074/12/22 (First Phase), 2075/01/06 (Second Phase)

PUSHPASADAN
Boarding High School
Kirtipur, Kathmandu

Tel: 4331827/ 4331917
e-mail: puspasadan@gmail.com
URL: www.pushpasadan.edu.np

## 'युवा देशको भार हैन आधार बन्नुपर्छ'

# दोस्रोपल्ट १२० दिने प्रशिक्षण सुरु

काठमाडौं । राष्ट्रिय खेलकुद परिषद्मा आबद्ध भएर लोकप्रिय बन्दै गएको मार्सल आर्टस्सम्बन्धी खेल तङ्ग-इल मो-दो संघले नेपालमा पनि सफलता हात पार्दै गएको छ । केही वर्षअगाडि मात्रै यो खेल राष्ट्रिय खेलकुद परिषद्मा १२८ नंम्बरमा दर्ता भएको थियो ।

नेपालमा दोस्रोपल्ट १२० दिने मार्सल आर्टस् नेतृत्व कौशल तथा शान्ति अध्ययन विषयक प्रशिक्षण कार्यक्रम आइतबारबाट सुरु भएको छ । तङ्ग-इल मोदो संघ नेपाल (एकीकृत मार्सल आर्ट) को आयोजनामा यही चैत्र २५ देखि विश्व शान्ति तथा एकीकृत परिवार संघ नेपालको राष्ट्रिय तालिम केन्द्र, जोरपाटीमा प्रशिक्षण भइरहेको छ ।




उद्घाटन समारोहमा प्रमुख अतिथि पूर्वमन्त्री एकनाथ ढकालले तङ्ग-इल मोदो मार्सल आर्टको नयाँ संस्करण भएको बताउँदै नेपालमा यसले छुट्टै पहिचान बनाएकोमा गर्व गरे । उनले भने, 'युवाहरू देशको भार हैन आधार बन्नुपर्छ । खेलको माध्यबाट भातृत्वको विकास गरिने तथा समाजमा शान्ति स्थापनामा पनि महत्वपूर्ण योगदान रहने हुँदा यसको विकासमा सबै लाग्नुपर्छ ।'

खेल लगायत जुन सुकै क्षेत्रमा पनि जित र हार एक सिक्काका दुई पाटा भएको बताउँदै हारबाट नआत्तिन र जितबाट नमात्तिन अध्यक्ष ढकालले सबैलाई आग्रह गरे । उनले अरूलाई सम्मान गर्न सके मात्र आफूले सम्मान पाउने बताउँदै गर्दै अब सानो चित्त र मानसिकता तोडेर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए । आफूले सिकेको ज्ञान र सिप अरूलाई समेत बाँड्न उनले प्रशिक्षार्थी सबैलाई आग्रह गरे ।

समारोहमा अर्का वक्ता युपीएफ नेपालका महासचिव विनोद डाँगीले १२० दिने तालिमको उद्घाटनमा आउन पाएकोमा खुशी व्यक्त गर्दै खेलाडीले सिकेको सिप राष्ट्रको सम्पत्ति रहेको बताए । यसैगरी, एफएफडब्लुपीयू सेन्ट्रल एशियाका उपाध्यक्ष डा. छान् उक युनले खेलको माध्यमबाट युवावर्गमा नैतिक शिक्षा दिन सकिने र यसका लागि तङ्ग-इल मो-दो सफल हुँदै गएको बताए । यो खेलको माध्यबाट शान्ति स्थापनामा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले खेलाडीहरूलाई समाजप्रति आफ्नो जिम्मेवारी बोध गराउन र नैतिकवान् बनाउनमा यस प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

तङ्ग-इल मो-दो संघ नेपालका अध्यक्ष सन्तोषकुमार पौडेलले खेलकुद स्वस्थ जीवन, अनुशासन, राष्ट्रको गौरवका लागि महत्वपूर्ण हुनेबारे प्रकाश पारे । उनले खेलाडीहरू देशका गहना र शक्ति रहेको बताए ।

तालिममा सहभागी खेलाडीहरूलाई मार्सल आर्टका अलवा अँग्रेजी तथा कोरियन भाषा प्रशिक्षण, सरसफाई, सामाजिक उतरदायित्व , व्यक्तित्व विकास, बाढीपीडितलाई राहत संकलनलगायत सामाजिक कार्यमा समेत सहभागिता गराइने राष्ट्रिय तालिम केन्द्रका निर्देशक रुपसिंह भण्डारीले बताए ।

प्रशिक्षणमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका १३० जना युवा-युवतीहरूको सहभागिता रहेने छ ।

# कमल २७ औं वार्षिक उत्सव सम्पन्न

काठमाडौं । कमल अंग्रेजी मावि बल्खुको २७ औं वार्षिक उत्सव सिद्धि गणेश पार्टी भेन्यूमा चैत्र २७ गते सम्पन्न भयो ।

त्यस अवसरमा अभिभावक दिवस, अतिरिक्त क्रियाकलापमा सफल विद्यार्थीहरुलाई पुरस्कार वितरण र सांस्कृतिक कार्यक्रमसहित मनाइयो ।

पहिलो चरणमा कक्षा नर्सरीदेखि चारसम्मका विद्यार्थीहरुका अभिभावहरुका बीच विद्यार्थीहरुलाई पुरस्कार र सांस्कृतिक कार्यक्रम भएको थियो ।

प्रथम चरणमा राष्ट्रिय गीतका रचनाकार ब्याकुल माइलाको प्रमुख आतिथ्यमा भएको थियो ।

वहाँले कमल माविको शैक्षिक प्रगति र विविध अतिरिक्त क्रियाकलापबाट विद्यार्थीमा उत्प्रेरणा र प्रतिभा उज्ज्वल पार्ने काम भैरहेकोमा प्रशंसा गर्नुभयो ।

दोस्रो चरणमा कक्षा ५ देखि ९ सम्मका विद्यार्थीहरुका अभिभावकबीच कार्यक्रम सम्पन्न भएको थियो ।

दोस्रो चरणमा काठमाडौं क्षेत्र नं. ९ का सांसद कृष्ण गोपाल श्रेष्ठको प्रमुख आतिथ्यमा भएको थियो ।

त्यसक्रममा वहाँले कमल स्कुलको प्रगतिबारे प्रशंसा व्यक्त गर्दै देशमा अहिले पनि झोले स्कुल रहेको बताउनुभयो ।

विद्यालय छ, विद्यार्थी छैन, शिक्षक धेरै हुने, शैक्षिक अवस्थामा अब नयाँ संघीय राज्यबाट त्यस्तो विद्यालयको व्यवस्थापनलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

आफू पनि पहिला शिक्षक भई नृत्य र गीत सिकाउँदै आएको स्मरण गर्दै कमल माविका विद्यार्थीहरुको प्रतिभा राम्रो लागेको बताउनुभयो ।

देशमा अब आर्थिक र सामाजिक समृद्धितिर अगाडि बढ्ने वातावरण बनेकोले सबैतिरबाट सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल रामकृष्ण तण्डुकारले स्वागत मन्तव्य राख्ने क्रममा विद्यालयको शैक्षिक गतिविधि र विद्यार्थीमा शारीरिक सवल पार्न अतिरिक्त क्रियाकलापलाई प्राथमिकता साथ गतिविधि गरेको अवगत गराउनुभयो । वहाँले अभिभावक, शिक्षक, विद्यार्थीको सहयोगले नै विद्यालय प्रगतिमा जान सकेको बताउनुभयो ।

कार्यक्रममा अतिरिक्त क्रियाकलाप अन्तर्गत प्रथम, द्वितीय र तृतीय हुनेलाई अतिथि प्रकाश न्यौपाने र ८ देखि ९ सम्मका विद्यार्थीहरुलाई राम साउद र प्रिन्सिपल रामकृष्ण तण्डुकारले प्रमाणपत्र, मायाको चिनो र मेडल प्रदान गर्नुभएको थियो । विद्यालयमा १० वर्षसम्म अध्यापन गर्नुहुने शिक्षिका रञ्जु बुढाथोकीलाई कदर पत्रबाट सम्मान गरेको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. लोक नारायण झाको सभापतित्वमा भएको कार्यक्रममा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो भने शिक्षक के.पी. राणाद्वारा लिखित, निर्देशित विभेद विरुद्धको नाटक प्रस्तुत गरेको थियो ।

## पाँगा माविको ३६ औं वार्षिक दिवस सम्पन्न

पाँगा माविको ३६ औं वार्षिक दिवस चैत्र २३ गते कृष्ण क्याटरिङ्गमा विशेष कार्यक्रम गरी मनाइयो ।

दुई चरणमा गरिएको कार्यक्रममा पहिलो चरणमा नर्सरीदेखि कक्षा १ सम्मका भाईबहिनीहको सांस्कृतिक प्रस्तुतिसँग दीक्षित गरिएको थियो ।

UKG उत्तीर्ण विद्यार्थीहरुलाई विद्यालयका निर्देशक रमेशमान महर्जन, प्रिन्सिपल श्याम सुन्दर महर्जनले दीक्षित गरेको थियो ।

दोस्रो चरणमा कक्षा २ देखि ९ सम्मका विद्यार्थीहरुलाई लक्षित गरी कार्यक्रम संचालन गरिएको थियो ।

निर्देशक रमेशमान महर्जनको सभापतित्वमा भएको कार्यक्रममा प्रिन्सिपल श्याम सुन्दर महर्जनले स्वागत मन्तव्य राख्दै विद्यालयको प्रगति विवरण पेश गर्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थी भाईबहिनीहरुले गीत, नृत्य प्रस्तुत गरेका थिए ।


# भावपूर्ण श्रद्धाञ्जली



स्व. सानुमाया श्रेष्ठ
जन्मः वि.सं. १९९८/०४/२८
स्वर्गारोहणः वि.सं. २०७४/१२/१९

यस कम्पनीका अध्यक्ष श्री बच्चुराम श्रेष्ठज्यूको
ममतामयी माता **श्रीमती सानुमाया श्रेष्ठ**को
चैत १९ गते सोमबारका दिन ७६ वर्षको उमेरमा
स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथीमा
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै
दिवंगत आत्माको चिरशान्तिको कामना एवं शोक सन्तप्त
परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

## बिबि मल्टि ट्रेडर्स प्रा.लि.

कीर्तिपुर-९, काठमाडौं

सुनिश्चित महिला तथा बाल अधिकार सु–सम्पन्न नेपालको आधार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

ग्यारेन्टी उपचार

नशा च्यापिएको घुँडाको दुखाई

आश्चर्यजनक रुपमा ग्यारेन्टी निको पार्ने

- जाँड-रक्सीको कुलन ग्यारेन्टी छुटाउने
- मुखै नबारीकन सुगर कन्ट्रोल गर्न
- महिला/पुरुषको यौन पावर बढाउन
- पेतको दाग अनुहारको चाँयापोतो हटाउन
- भुँडी घटाउन/शरीरको तौल बढाउन
- स्तन घटाउन, बढाउन/टाईट पार्न

फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
दुरसंचारको गेटसँगै
फोन नं. ४३३६७०१
९८०३५०२२५९, ९८४१९८१९७६

Free Home Delivery
Not For Medicinal Use

KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590

अब कीर्तिपुरमा



हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुतीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्ग, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू

स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरुम : ०१-४२५२३६५

Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.

## बाह्रबुँदे सहमति....

देशभक्त भएमात्र नेता पनि देशभक्त हुने भन्दै जनताले पैसा खाएर मत दिंदा देशले दुर्गति भोग्नुपरेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'बुद्धिजीवि पनि दोषी छन्, उनीहरु पद पाउन जे पनि गर्छन् ।'

एमाले र माओवादी केन्द्रको दुईतिहाई बहुमत आउनुमा भारतकै हात भएको भन्दै उहाँले माओवादी र तराईवादीको मत भारतकै मत भएको तर्क गर्नुभयो । उहाँको कथन थियो, 'दिल्लीले जे भन्यो, माओवादी त्यही मान्छे ।'

एमाले र माओवादी केन्द्रबीचको पार्टी एकताबारे सोधिएको एक प्रश्नमा अध्यक्ष रोहितले एमाले र माओवादीको एकता कम्युनिष्ट एकता नभएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, कम्युनिष्टले पद होइन, सिद्धान्तको कुरा गर्छन् । पार्टी एकता गरेर केपी ओलीको विकल्पमा प्रचण्डलाई खडा गरेको भन्दै उहाँले प्रचण्ड देशको निम्ति बढ्ता खतरा हुने विचार राख्नुभयो । माओवादी सरकारले भारतीय एयर मार्सललाई नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमा राख्ने निर्णय गरेको उल्लेख गर्दै भारतले नेपालमा मिलिटेरी मिसनलाई पुन: स्थापना गर्न खोजेको बताउनुभयो ।

हार्दिक समवेदना



स्व. मोहन माया महर्जन
जन्मः वि.सं. १९८४
स्वर्गारोहणः वि.सं. २०७४/१२/१८

यस कीर्तिपुर यातायात सेवा कं. लि. का सञ्चालक समितिका आमन्त्रित सदस्य श्री राजकुमार महर्जन (नथा:)का ममतामयी माता **मोहन माया महर्जन**को ९० वर्षको उमेरमा मिति २०७४ चैत्र १८ गते भएको असामयिक निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै ब्रम्हलिन आत्माको चीर शान्तिको कामना गर्दछौं ।
साथै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समेवदना व्यक्त गर्दछौं ।

कीर्तिपुर यातायात सेवा कम्पनी लिमिटेड
नयाँबजार, कीर्तिपुर, ४३३०७७४

# दिपेश/सनिलले उपाधी हात पारे
# दसौं सहिदस्मृति कप व्याडमिन्टन प्रतियोगिता कीर्तिपुरमा सम्पन्न

कीर्तिपुर । सहिद दिवसको उपलक्ष्यमा युवा खेलकुद समूह कीर्तिपुरद्वारा आयोजित दसौं सहिदस्मृति कप व्याडमिन्टन दिपेश शाक्य र सनिल शाक्यले उपाधी हात पारे ।

शनिवार भएको फाइनल खेलमा दिपेश शाक्य र सनिल शाक्यको जोडीले ललितपुरकै सुमन शाक्य र सुशन शाक्यको जोडीलाई २१-१९, २१-१९ को सोझो सेटले पराजित गरी उपाधी हात पारेको हो । सुमन र सुशन द्वितीय भए भने अजय पाण्डे र पुष्प खड्का ट्याङ्गलाफाँट र ललितपुर हरिसिद्धिका रदिप महर्जन र प्रदीप महर्जन तृतीय स्थान हासिल गरेका थिए ।

यस वर्षको वर्ष खेलाडी ट्याङ्गलाफाँटका खेलाडी अजय पाण्डे घोषित गरी स्टार ट्रफी कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एवं प्रदेश नं. ३ का सांसद सुरेन्द्र राज गोसाईंले प्रदान गर्नुभएको थियो ।

वहाँले प्रथम र द्वितीय हुने खेलाडीहरुलाई ट्रफी, मेडल र नगद बाह्र हजार रुपैयाँ र सात हजार प्रदान गर्नुभयो । तृतीय स्थान हासिल गरेका खेलाडीहरुलाई खेमराज पोखरेल र कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदीप महर्जनले ट्रफी, मेडल र नगद तीन/तीन हजार प्रदान गर्नुभएको थियो ।

त्यसक्रममा प्रमुख अतिथि सांसद सुरेन्द्र राज गोसाईंले नयाँ राजनैतिक परिवेशमा सत्तामा पुगेका दलहरुले पुरानै शैलीमै शासन चलाउने हो भने देश र जनता चुप लागेर नबस्ने बताउँदै देश र जनताको अहित हुने काम गरेमा त्यसको दोष सत्तासिन पार्टीहरु नै जिम्मेवार हुने बताउनुभयो । वहाँले जनतालाई उठिबास गर्ने काम गरेमा जनता संघर्षमा उत्रनुपर्ने बताउँदै अहिलेपनि सत्तामा बसेका पार्टीहरुले समृद्धिको नाम जपेर भ्रष्टाचार गरिरहेको र विदेशी सामु लम्पसार हुने प्रवृति नरोकेमो दु:ख व्यक्त गर्दै समृद्धिको नाममा छलछामा गर्ने विपक्षमा रहेर जनताको सेवा गर्दै जानेछौं । कीर्तिपुरमा संचालित व्याडमिन्टन प्रतियोगिताबारे १० वर्ष अघिदेखि नै जानकार रहेको र खेल पनि सांस्कृतिक जीवनसँग सम्बन्ध रहेको बताउनुभयो । कीर्तिपुरको खेलकुदले सिङ्गो कीर्तिपुरलाई नै चिनाएको छ । साहित्य सम्मेलनमार्फत् पनि कीर्तिपुर परिचित रहेको र सहिद साप्ताहिकबाट पनि कीर्तिपुरको ऐना प्रष्ट पार्ने काम गरी कीर्तिपुरको परिचय दिइरहेको बताउनुभयो ।

कीर्तिपुर व्याडमिन्टन क्लवका पूर्व अध्यक्ष एवं खेलाडी ई. दुर्कमान महर्जनले युवा खेलकुद समूहको व्याडमिन्टन प्रतियोगिता अनन्तकालसम्म संचालन गर्दै कुशल खेलाडी निर्माणमा सहयोग पुर्याउने विचार राख्नुभयो । वहाँले कीर्तिपुरमा खेलकुद विकासको लागि युवा समूहको अक्षय कोष संकलन अभियानमा लाखौं संकलन गरी विभिन्न खेलकुदको आयोजना गर्न पनि आग्रह गर्नुभयो ।

कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदीप महर्जनले युवा खेलकुद समूहको आयोजनामा दस वर्षदेखि व्याडमिन्टन प्रतियोगिता गरी खेल क्षेत्रमा सराहनीय व्यक्त गर्दै खेल निरन्तरताको कामना पनि गर्नुभयो ।

कार्यक्रममा अक्षयकोष स्थापनामा सहयोग गर्नुहुने सहयोगी दाता र अन्य सहयोगीहरुलाई प्रमुख अतिथि सांसद गोसाईंले र सहभागीहरुलाई प्रमाणपत्र र टि-सर्ट मोइक्रोटेक कम्पनीको प्रबन्धक दुर्कमान महर्जनले प्रदान गर्नुभएको थियो ।

खेल चैत्र १८ गतेदेखि कीनपा ५ स्थित दिउखेल ब्याडमिन्टन कोर्टमा संचालन भएको थियो ।
















## प्रथम लनगोल कप ब्याडमिन्टनमा सहभागी बनौं

नयाँ वर्ष २०७५ सालको उपलक्ष्यमा प्रथम लनगोल कप खुल ब्याडमिन्टन प्रतियोगितामा सहभागी बनौं ।

**कीर्तिपुर/दक्षिणकाली/चन्द्रागिरी नगरपालिका**

प्रवेश शुल्क: रु.१५००।-
अन्तिम नाम दर्ता: बैशाख २८ गते दिनको १ बजेसम्म
खेल संचालन: कीनपा- ६, लनगोल
खेल सुरु: बैशाख ३० गते

आयोजक:
**लनगोल ब्याडमिन्टन क्लव**
सम्पर्क: ९८४१५३५२०६

## भाषा, साहित्य व संस्कृतिया स:
## नेवा: एफ.एम १०६.६

NewaFM 106.6 MHz

न्हिछिचच्छि (२४ सै घण्टा) न्यनादिसँ/न्यंकादिसँ
नेवा: जुयागुया गौरव यानादिसँ

**नेवा: एफ.एम. १०६.६**
न्यामासिमा, च:ध्वाखा, किपू-२
फोन ल्या: ४३३४२२२

**अनक मिडिया प्रा.लि.**
न्यामासिमा, च:ध्वाखा, किपू-२
इमेल: ankmedia.newafm@gmail.com

# Admission Open

A Full fledged English Medium School a Pioneer in the field of modern education announces New Admission Open from **Play Group to Grade VII** on merit basis for the academic session 2075.

**Entrance Examination:**
- 24th Chaitra (Saturday)
- 30th Chaitra (Friday)

Entrance Time: 11:00 AM

New Admission forms are available on all working days from school reception in between 10:00 AM to 4:00 PM

**LABORATORY SECONDARY BOARDING SCHOOL**
Kirtipur, Kathmandu, Phone: 4330790/4331790
Email: ourlabschool@yahoo.com